# व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन (प्रथम संशोधन) निर्देशिका, २०८१

व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को दफा २२क. ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको निर्देशिका बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी संचालन (प्रथम संशोधन) निर्देशिका, २०८१ रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>व्यवसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका, २०७१ को दफा २ मा संशोधनः</u> (१) व्यवसायिक पंक्षी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका, २०७१ यसपछी (**"मूल निर्देशिका" भनिएको**) को दफा २ को खण्ड (ण) पछि देहायको खण्ड (त) थपिएको छः-

"(त) "पशु सेवा कार्यालय" भन्नाले प्रदेश सरकार मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा पशु सेवा कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको पशु सेवा हेर्ने जिल्लास्तरको कार्यालयलाई समेत जनाउँछ ।"

३. <u>मूल निर्देशिकाको दफा ३ मा संशोधनः</u> मूल निर्देशिकाको दफा ३ को उपदफा (६) पछि देहायका उपदफा (६क) र (६ख) थपिएका छन:-

(६क) यस निर्देशिकाको दफा ३ को उपदफा (६) बमोजिम १० वर्ष भित्र स्थानान्तरण सम्पन्न नभएका व्यवसायिक पंक्षी फार्म समेतले तोकिएको अवधी समाप्त भएको तीन वर्ष भित्र अनिवार्य रूपमा फार्म स्थानान्तरण गरिसक्नु पर्नेछ।

(६ख) उपदफा (६) को खण्ड (क) बमोजिमको अवधिभित्र स्थानान्तरण नभएमा प्रचलित कानून बमोजिमको सिफारिस तथा अनुमति पत्र दिन विभाग वाध्य हुने छैन।

४. <u>मूल निर्देशिकाको दफा ६ मा संशोधनः</u> मूल निर्देशिकाको दफा ६ को उपदफा (३) मा रहेका "सम्बन्धित क्षेत्रिय पशु सेवा निर्देशनालय वा" र "क्षेत्रिय पशु सेवा निर्देशनालय वा" भन्ने शब्दहरू झिकिएका छन् ।

५. <u>रुपान्तरः</u> मूल निर्देशिकामा ठाउँ ठाउँमा प्रयोग भएका "जिल्ला पशु सेवा कार्यालय" र "जि.प.से.का." भन्ने शब्दहरुको सट्टा "पशु सेवा कार्यालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

सचिव